# भन्सार व्यबस्थापन गोष्ठी, भाद्र, २०७८ को प्रेश विज्ञप्ति

भन्सार विभागको आयोजनामा यस आ. व. को प्रथम भन्सार व्यवस्थापन गोष्ठी मिति २०७८ भाद्र २७ र २८ गते सम्पन्न भएको छ । विभागका महानिर्देशक श्री नारायण प्रसाद सापकोटाको अध्यक्षतामा सम्पन्न गोष्ठीको उद्घाटन सत्रमा माननीय अर्थमन्त्री, अर्थ मन्त्रालयका सचिव, सचिव (राजस्व), अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुख, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका तालिम प्रमुख, आन्तरिक राजस्व विभागका महानिर्देशक, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक, विभागका उपमहानिर्देशकहरु लगायत सम्पूर्ण भन्सार कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु र निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघबाट वरिष्ठ उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधी, अन्य वस्तुगत संघ संस्थाका प्रतिनिधीहरुको समेत उपस्थिती रहेको थियो ।

कार्यक्रमको शुरुमा भन्सार विभागका उपमहानिर्देशक श्री इश्वरी प्रसाद अर्यालले स्वागत मन्तव्य र विभागका उपमहानिर्देशक श्री श्याम प्रसाद भण्डारीले भन्सार विभागको संक्षिप्त प्रस्तुती दिदैं गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । गोष्ठीको समुद्घाटन गर्दै माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा प्रभाकरज्यूले यस गोष्ठीबाट निकालिएका निष्कर्षहरुलाई कार्यान्वयनमा लैजान अभिप्रेरित गर्दै राजस्वको लक्षमा सतप्रतिशत बृद्धि गर्न अपनाउनु पर्ने सुधारका कार्यहरुतर्फ उन्मुख हुन, छैंठौ भन्सार सुधार योजनालाई कार्यान्वयनमा लैजान निर्देशन दिनुभएको थियो।गोष्ठीलाई सम्बोधन गर्दै उहाँले भन्सार सम्बन्धि नीति, योजनाको कार्यान्वयन तथा निर्धारित उद्देश्य प्राप्त गर्न भन्सार प्रशासनलाई सुदढ गर्दै जनशक्तिको क्षमता विकास, स्वअनुशासन, सदाचार, सेवाग्राहीमुखी सेवा प्रवाहमा जोड दिनु भएको थियो । भन्सार विन्दुमा मालवस्तु मात्र निकासी पैठारी नभएर समग्र राष्ट्रको मुहार झल्कने हुँदा भन्सार प्रशासनले सोहि अनुसार व्यवहार र सहजिकरण गर्नु पर्ने बताउनु भएको थियो । साथै, उहाँले राष्ट्रलाई आत्मनिर्भर बनाउन प्रोत्साहन हुने नीतिहरु बनाइएको हुँदा निर्यात बढाई आयातलाई न्यूनिकरण गर्ने कार्यमा प्रयासरत रहन निर्देशन दिनु भएको थियो ।

उक्त अवसरमा अर्थ मन्त्रालयका सचिव श्री मधुकुमार मरासिनीले समयानुसार जिम्मेवारी थप भइरहेको बताउनु भएको थियो । तीन वटा 'स' सुधार, सहजीकरण र सुशासन भन्सार प्रशासन भित्र अपेक्षित रहेको बताउनु भएको थियो । भन्सारमा हुने भीडभाडलाई नियन्त्रण गर्न प्रविधीमा के कस्तो सुधार गर्नुपर्ने हो तत्काल सो को सिफारिस तथा कार्यान्वयन गरेमा बजेटको अभाव नहुने भनाई राखु भएको थियो।

सोही अवसरमा सचिव(राजस्व) श्री कृष्णहरी पुष्करज्यूले कोभीड- १९ का चुनौतिका बाबजुद सेवा प्रवाहलाई निरन्तरता प्रदान गरेकोमा धन्याबाद ज्ञापन गर्दै भन्सार प्रशासनमा थप सुधार ल्याउन Gap Analysis (अन्तर विश्लेषण) गर्दै नव-प्रवर्तनमा विशेष ध्यान दिनु पर्ने बताउनु भएको थियो।साथै, उहाँले भन्सार प्रशासनलाई लाग्ने गरेको विभिन्न आरोपलाई नियमन, व्यवस्थापन, व्यवसायिकता, व्यवहार र सोचमा परिवर्तन गर्दै प्रतिस्थापन गर्ने निर्देशन दिनु भएको थियो ।भन्सार भित्र हुने चोरी निकासी पैठारी, राजस्व छली जस्ता समस्यालाई अनुसन्धान, Intelligence, अन्तर-निकाय समन्वय र सहकार्य गर्दै समाधान गर्न प्रेरित गर्नु भएको थियो ।प्रविधीलाई जनमैत्री बनाउने जिम्मेवारी वोधका साथ भन्सार प्रशासन भित्रै पनि शिक्षाको कमी

रहेको भए भन्सार तथा सूचना प्रविधी सम्बन्धी शैक्षिक कार्यक्रम संचालन गर्न सुझाव प्रदान गर्नु भएको थियो।

उक्त गोष्ठीको समुद्घाटन समारोहको समापन गर्दै समारोहका अध्यक्ष भन्सार विभागका महानिर्देशक श्री नारायण प्रसाद सापकोटाले गोष्ठीका प्रमुख अतिथी माननीय अर्थमन्त्री श्रीमान् सचिवज्यूहरु लगायत अन्य अतिथिहरुले प्रदान गर्नुभएको निर्देशनको अक्षरस पालना गर्दै गोष्ठीमा उठेका विषयहरुलाई सम्बोधन गरि निरन्तर सुधार गरिने र उच्च नैतिकताका साथ कार्य सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

गोष्ठीको दोश्रो सत्रको अध्यक्षता गर्दै राजस्व व्यवस्थापन महाशाखाका प्रमुख श्री रामेश्वर दंगालज्यूले भन्सारमा हुने प्रमुख काम मालबस्तुको सही वर्गीकरण तथा मुल्यांकन नै भएकोले त्यसको आधारभूत कार्य किटानी घोषणा भएकोले यसमा बिशेष ध्यान दिन निर्देशन दिनु भयो । भन्सार प्रशासनको आधुनिकिकरणमा भएका सुधारको बारेमा विचार राख्दै नविनतम उपकरणहरुको जडान तथा प्रयोग हुनु पर्ने र त्यसको लागि भेईकल स्क्यानर खरिद यसै वर्ष सम्पन्न गर्न र राजस्व भुक्तानीमा अनलाईन प्रणालीको तत्काल विकास गर्न पनि निर्देशन दिनुभएको थियो ।

श्रीमान् सचिव (राजस्व) को अध्यक्षतामा गोष्ठीको दोस्रो दिनको कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रममा भन्सार विभाग र अन्तर्गतका निकायहरुवाट सम्पादन भएका कामहरुको समीक्षा गरिएको थियो। सो कार्यक्रममा वर्गीकरण र मूल्याङ्कनमा देखिएका समस्याहरु, आ-आफ्नो निकायले सम्पादन गरेका अनुकरणीय काम र भन्सार विभाग मातहतका कार्यालयहरुको अर्थ मन्त्रालय र विभागसँगको अपेक्षाको सम्बन्धमा सबै कार्यालयहरुले प्रस्तुत गरेका थिए। सो कार्यक्रमका सहभागीहरुले समूहगत छलफलबाट भन्सार मूल्याङ्कन र नीतिगत सुधारका विषयहरु समेटी सिफारिस तथा सुझावहरु पेश गरेका थिए ।

गोष्ठीको अन्त्यमा, अर्थ मन्त्रालयको वार्षिक राजस्व नीति तथा कार्यक्रम, भन्सार सुधार तथा आधुनिकिकरण योजना, भन्सार विभागले विभिन्न समयमा भन्सार प्रशासन सुधारका लागि गरेका प्रतिबद्धताहरुद्वारा निर्देशित हुँदै भन्सार प्रशासनले प्रवाह गर्ने सार्वजनिक सेवा र तोकिएको जिम्मेवारीलाई थप प्रभावकारी बनाउन ३१ बुँदे भन्सार विभागको प्रतिवद्धता पत्र समेत जारी गरिएको थियो।

कार्यक्रमको समापनमा अर्थ मन्त्रालयका सचिव(राजस्व), राजस्व व्यवस्थापन महाशाखाका प्रमुख, राजस्व अनुसन्धान विभागका महानिर्देशक लगायतको उपस्थिती रहेको थियो। अन्त्यमा भन्सार विभागका महानिर्देशक श्री नारायण प्रसाद सापकोटाले दुई दिने भन्सार व्यवस्थापन गोष्ठीमा आमन्त्रित सवैलाई धन्यवाद दिंदै ३१ बुँदे प्रतिवद्धता पत्रको कार्यान्वयन, कार्यसम्पादन सम्झौताको कार्यान्वयन, बेरुजु फछ्र्यौट, सदाचारिताको प्रतिबद्धता, यथार्थपरक वर्गीकरण र मूल्याङ्कन गर्ने आदि विषयहरु सम्बोधन गर्दै सुदृढिकरण गर्न भन्सार विभागले कार्य योजना तयार गरी सबै कार्यालयहरुमा यथाशीघ्र पठाउने व्यहोरा समापन मन्तव्यका क्रममा राख्नु भएको थियो ।